बैठक नं. ४५

आज मिति २०८० पुस २६ गते, विहीबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

विषयहरु :

१. १५ औं नगर सभा सम्बन्धमा ।

२. समिति निर्णय अनुमोदन सम्बन्धमा ।

३. विविध ।

निर्णयहरु :-

१. ख्वप कलेज अफ इन्जिनियरिङ्गको विनियम र ख्वप कलेज अफ ल को निम्नानुसारको विनियम संशोधन प्रस्ताव स्वीकृत गरी निर्णयार्थ नगर सभामा पेश गर्ने निर्णय गरियो :

**ख्वप कलेज अफ इन्जिनियरिङ्गको विनियम २०६५ मा संशोधन प्रस्ताव**

| क्र.सं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नेपर्ने कारण |
|---|---|---|---|
| १ | प्रस्तावनामा साविकको व्यवस्थामा थप गर्नुपर्ने | भक्तपुर नगरपालिकाबाट<br>....'गैर नाफामुखी सामुदायिक कलेजको रुपमा ' थप गर्ने | भक्तपुर नगरपालिकाले संचालन गरेको कलेज सामुदायिक कलेज भएको व्यहोरा विनियममा उल्लेख हुनु पर्ने भएको । |
| २ | परिच्छेद- १ नाम र प्रारम्भमा साविकको व्यवस्थामा परिच्छेद १, नियम ३(२०) र (२१) थप गर्ने | परिच्छेद १, नियम ३(२०) : कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न संचालक समितिले एक कलेज साधारण सभाको व्यवस्था गर्नेछ । कलेज साधारण सभाको सदस्य हुन सबै नेपाली नागरिक योग्य हुनेछ ।<br>परिच्छेद १, दफा ३(२१) : ख्वप कलेज अफ इन्जिनियरिङ्ग भक्तपुर नगरपालिकाको पूर्ण स्वामित्वमा संचालित छ । | कलेजको साधारण सभा र कलेज भक्तपुर नगरपालिको पूर्ण स्वामित्वमा संचालित भएको व्यहोरा विनियम उल्लेख हुनुपर्ने भएको । |
| ३ | परिच्छेद-२ संचालक समितिमा साविकको व्यवस्थामा ६ ख, थप गर्ने | विनियम ६(ख) कलेज संचालक समितिको गठन भक्तपुर नगरपालिकाले गरे अनुसार हुनेछ । संचालक समितिको पदावधि पांच वर्षको हुनेछ । भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल नभएमा वहालवाला संचालक समिति नै | कलेजका विनियममा संचालन समितिको पदावधि उल्लेख हुनुपर्ने भएको । |

| | | | |
|---|---|---|---|
| | | पदाधिकारी हुनेछ । | |
| **४** | **परिच्छेद-११ विविधमा साविकको व्यवस्थामा नियम ६६ थप गर्ने** | **नियम, ६६, कुनै पनि कारणले कलेज संचालन हुन नसक्ने अवस्थामा कलेजको सम्पूर्ण चल अचल सम्पत्ति भक्तपुर नगरपालिकाको हुनेछ ।** | **विनियममा कलेजको सम्पत्ति भक्तपुर नगरपालिकाको स्वामित्व हुने उल्लेख हुनुपर्ने भएको ।** |

| ख्वप कलेज अफ ल को विनियम,२०७८ मा संशोधन प्रस्ताव | | |
|---|---|---|
| निर्णय मिति | साबिकको निर्णय | संशोधन भएको निर्णय |
| २०७९ पुस ११ गते | **परिच्छेद ५**<br>**विद्यार्थी भर्ना**<br>**१५. कोटा, भर्ना समिति र झुकाव परीक्षा**<br>१५(१) यो कलेज भक्तपुर नगरपालिकाबाट सञ्चालित भएको हुँदा देहायबमोजिम कोटा निर्धारण गरी विद्यार्थी भर्ना लिइने छ :<br>क. भक्तपुर नगरपालिका क्षेत्रका विद्यार्थी पचास प्रतिशत<br>ख. भक्तपुर जिल्ला (भनपा बाहेक) का विद्यार्थी पन्ध्र प्रतिशत<br>ग. भक्तपुर जिल्ला बाहिरका विद्यार्थी तीस प्रतिशत<br>घ. दुर्गम जिल्लाका विद्यार्थी पाँच प्रतिशत | **परिच्छेद ५**<br>**विद्यार्थी भर्ना**<br>**१५. कोटा, भर्ना समिति र झुकाव परीक्षा**<br>१५(१) यो कलेज भक्तपुर नगरपालिकाबाट सञ्चालित भएको हुँदा देहायबमोजिम कोटा निर्धारण गरी विद्यार्थी भर्ना लिइने छ :<br>क. भक्तपुर नगरपालिका क्षेत्रका विद्यार्थी चालीस प्रतिशत,<br>ख. भक्तपुर जिल्ला (भनपा बाहेक) का विद्यार्थी पन्ध्र प्रतिशत,<br>ग. भक्तपुर जिल्ला बाहिरका विद्यार्थी चालीस प्रतिशत,<br>घ. दुर्गम जिल्लाका विद्यार्थी पाँच प्रतिशत । |
| स्पष्टता को लागि | साबिकको निर्णय | संशोधन भएको निर्णय |
| २०७९ भदौ ९ गते भक्तपुर नगरपालिकाको च.नं. ३५२, पत्र संख्या २४९ अनुसार प्रस्तावनामा संशोधन गर्नुपर्ने | सर्वसाधारण जनताका छोराछोरीहरुलाई कम शुल्कमा कानुन विषयमा उच्च शिक्षा प्रदान गर्न, समाजलाई बुद्धिजीवीकरण गर्ने काममा सहयोग गर्न, नयाँ पुस्तालाई एक्काईसौं शताब्दीका चुनौतीहरु सामना गर्न सक्ने देश र समाजप्रति उत्तरदायी कानुनका विद्यार्थी बनाउन, शिक्षालाई उत्पादन श्रमसँग मिलाउन र श्रमलाई सम्मान गर्ने नागरिक तयार गर्न पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा भक्तपुर नगरपालिकाबाट ***गैरनाफामुखी सामुदायिक क्याम्पसको रुपमा*** स्थापना र सञ्चालन भएको ख्वप कलेज अफ लको शैक्षिक, आर्थिक र प्रशासनिक बन्दोबस्त अझ व्यवस्थित गर्न वान्छनीय भएकोले भक्तपुर नगरपालिकाले यो ख्वप कलेज अफ लको विनियम, २०७८ बनाई लागू गरिएको हो । | सर्वसाधारण जनताका छोराछोरीहरुलाई कम शुल्कमा कानुन विषयमा उच्च शिक्षा प्रदान गर्न, समाजलाई बुद्धिजीवीकरण गर्ने काममा सहयोग गर्न, नयाँ पुस्तालाई एक्काईसौं शताब्दीका चुनौतीहरु सामना गर्न सक्ने देश र समाजप्रति उत्तरदायी कानुनका विद्यार्थी बनाउन, शिक्षालाई उत्पादन श्रमसँग मिलाउन र श्रमलाई सम्मान गर्ने नागरिक तयार गर्न पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा भक्तपुर नगरपालिकाबाट ***गैरनाफामुखी सामुदायिक क्याम्पसको रुपमा*** स्थापना र सञ्चालन भएको ख्वप कलेज अफ लको शैक्षिक, आर्थिक र प्रशासनिक बन्दोबस्त अझ व्यवस्थित गर्न वान्छनीय भएकोले भक्तपुर नगरपालिकाले ***भक्तपुर नगरपालिका शिक्षा ऐन २०७४ को दफा ३(९) बमोजिम ख्वप कलेज अफ ल को कार्यविधि सहितको*** यो ख्वप कलेज अफ लको विनियम, २०७८ बनाई लागू गरिएको हो । |

२. विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिका कार्यालयलाई विभिन्न मितिमा आवश्यक खाजा उपलब्ध गराए वापत रु. २६,१२५।- ब्रदर्श क्याफे एण्ड भोजनालयलाई भुक्तानी दिने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाद्वारा मिति २०८०।०९।१४ गते शनिवारका दिन आयोजना गरिएको साँस्कृतिक पथ प्रदर्शन तथा भनपा वहाबहीहरुको अवलोकन कार्यक्रममा सूर्यमढी दःबु मा प्रस्तुत गरिएको दाफा भजनलाई आवश्यक खाजा व्यवस्था गरिदिए वापत रु.१६,८००।- छोरी मैया सुजखुलाई भुक्तानी दिने निर्णय गरियो ।

ग मिति २०८०।०८।२६ गते चिनीयाँ अतिथिहरुलाई स्वागत कार्यक्रम गरे वापत रु.१७,६२८।- होटेल हेरिटेजलाई भुक्तानी दिने निर्णय गरियो ।

घ. भक्तपुर नगरपालिका कार्यालयलाई विभिन्न मितिमा आवश्यक फलफूल, दही र विस्कुट उपलब्ध गराए वापत रु.२८,२६०।- आर.के.जुस सेन्टरलाई भुक्तानी दिने निर्णय गरियो ।